# नेपाल खाद्य संस्थान

**अधिकृत स्तर छैठौं तह (प्रशासन तर्फ) को खुल्ला**
**प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्क्रम**
**लिखित परीक्षाको माध्याम नेपाली/अंग्रेजी हुनेछ ।**

**भाग-१** **लिखित परीक्षा :** **पूर्णाङ्क : २००**

| पत्र | बिषय | पूर्णाङ्क | परीक्षाको प्रणाली | प्रश्न संख्या | अङ्क भार | समय |
|---|---|---|---|---|---|---|
| | सामान्यज्ञान र | १०० | बस्तुगत बहुउत्तर | २५ x २ | ५० | |
| प्रथम पत्र | सामाजिक अध्ययन | ३० | छोटो छोटो उत्तर | ६ x ५ | ३० | १ घण्टा |
| | | | लामो उत्तर | १ x २० | २० | |
| द्धितीयपत्र | सेवा सम्बन्धी | १०० | छोटो छोटो उत्तर | १२x ५ | ६० | १ घण्टा |
| | | | लामो लामो उत्तर | २ x २० | ४० | ३० मिनेट |

**भाग-२** **अन्तरवार्ता** **पूर्णाङ्क : ५०**

- सामान्य ज्ञान र सम्बन्धित विषयवस्तुको ज्ञान → ३७
- व्यक्तित्व → १०
- शैक्षिक योग्यता → ३

| श्रेणी | अंक |
|---|---|
| प्रथम | ३ |
| द्वितीय | २ |
| तृतीय | १ |

- अन्तरवार्तामा ६० प्रतिशत भन्दा बढी र ३० प्रतिशत भन्दा कम अंक दिंदा सोको कारण जनाउनु पर्नेछ ।
- भाग १ को लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरु मात्र भाग २ को अन्तरवार्ता परीक्षामा सामेल हुन पाउने छन् ।
- भाग १ को लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुको लिखित परीक्षाको प्राप्ताङ्क र भाग २ को अन्तरवार्ताको प्राप्ताङ्क जोडी योग्यताक्रमानुसार सिफारिश गरिनेछ ।
- शैक्षिक योग्यता वापतको अंक सम्बन्धित पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई मात्र उपरोक्त बमोजिम अंक दिइने छ ।

द्रष्टब्य :

१. खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा दिने उम्मेदवारले संस्थानबाट निर्धारित दरखास्त फाराम भरी आवेदन दिनु पर्नेछ । तोकिएको परिक्षादस्तुर वापत बैंक भौचर वा बैंक ड्राफ्ट दरखास्त फारामसाथ बुझाउनु पर्नेछ ।

२. दरखास्त फाराम र पाठ्यक्रम तोकिएको स्थानबाट उपलव्ध हुनेछ ।

३. पाठ्यक्रममा भएको लिखित परीक्षाको प्रत्येक पत्रमा उत्तीर्णाङ्क ३५ प्रतिशत मानिनेछ ।

४. वस्तुगत बहुउत्तरको प्रश्न पत्र र उत्तर पुस्तिका भिन्दै हुनेछ । परीक्षा समाप्त भएपछि सामान्य ज्ञानको प्रश्नपत्र र उत्तर पुस्तिका दुवै फिर्ता गर्नु पर्नेछ ।

५. यस पाठ्यक्रममा जे सुकै लेखिएतापनि पाठ्यक्रममा परेको ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएको वा संशोधित भई हटाइएको वा थप गरी संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

## पाठ्यक्रमको विस्तृत विवरण:

### प्रथम पत्र : सामान्य ज्ञान र सामाजिक अध्ययन :

१. नेपालको भौगोलिक, आर्थिक, सामाजिक, ऐतिहासिक, साहित्यिक, राजनैतिक, सांस्कृतिक, वैज्ञानिक विषयका गतिविधि बारे सामान्य जानकारी ।
२. बिश्वका महत्पूर्ण घटना एवम् समसामयिक गतिविधि बारे जानकारी ।
३. दक्षिण एशियाली क्षेत्रिय सहयोग संगठन (SAARC)को गठन , उद्देश्य तथा उपलब्धी
४. संयुक्त राष्ट्र संघ र यसका विशिष्टिकृत संस्थाहरुको गतिविधि बारे जानकारी ।
५. आर्थिक उदारीकरणको नीति र सरकारी स्वामित्वमा रहेका संस्थानहरुको भूमिका ।
६. बातावरणीय असन्तुलन र बढ्दो शहरीकरणबाट उत्पन्न समस्या ।
७. इफड(IFAD) खाद्य तथा कृषि संगठन (FAO), विश्व खाद्य कार्यक्रम (WFP) तथा विश्वव्यापार संगठन (WTO) सम्बन्धी जानकारी ।
८. नेपालको चालू आर्थिक योजना सम्बन्धी जानकारी ।
९. जनसंख्या बृद्धिको समस्या, यसका कारणहरु र यसले राष्ट्रिय विकास माथी पार्ने प्रभाव ।
१०. क्षेत्रिय तथा विश्व व्यापार संगठनमा नेपालको प्रवेश पछिका चुनौति र संभावनाहरु ।

### द्वितीय पत्र : सेवा सम्बन्धी :

१. व्यवस्थापन सम्बन्धी सामान्य जानकारी :
योजना (Planning), संगठन (Organization), समन्वय (Co-ordination), नियन्त्रण (Control), स्टाफिङ (Staffing), संचार (Communication), सूचना प्रणाली (Information System), कार्य सम्पादन मूल्यांकन (Performance Appraisal), सुझाव प्रणाली (Suggestion System), कर्मचारी मर्का (Employees Grievances), कर्मचारी प्रेरणा (Staff Motivation), नेतृत्वशैली (Leadership style), अनुशासन सम्बन्धी कार्यवाही (Disciplinary Action), निर्णय प्रकृया (Decision Making Process), संकट व्यवस्थापन (Crisis Management) ।
२. नेपालको कृषि, उद्योग, वाणिज्य, आपूर्ति सम्बन्धी नीतिको जानकारी ।
३. नेपालको सरकारी स्वामित्वमा रहेका संस्थानहरुको विकासक्रम, तिनको समस्या र समाधानका उपायहरु ।
४. नेपालमा खाद्यान्न उत्पादनको बर्तमान स्थिति, माग, आपूर्ति तथा बजार व्यवस्था ।
५. नेपाल खाद्य संस्थानको उद्देश्य, गठन, कार्यक्रम, लेखा प्रणाली र लेखा परीक्षण सम्बन्धी जानकारी ।
६. संस्थान ऐन, २०२१ ।
७. खाद्य ऐन, २०२३ ।
८. भ्रष्टाचार निवारण ऐन, २०५९ ।
९. आर्थिक कार्यविधि नियमावली २०६४ ।
१०. करार ऐन, २०५६ ।
११. सार्वजनिक खरिद ऐन, २०६३ र ऐन नियमावली, २०६४ ।
१२. उपभोक्ता संरक्षण ऐन, २०५४ र ऐ. नियमावली, २०५६ ।
१३ नेपाल खाद्य संस्थानको कार्य संचालन तथा कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी विनियमावली २०६४ ।